२०७३ साल कात्तिक २८ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. अर्थ मन्त्रालय– थाइलैण्डको बैंङ्ककमा आयोजना हुने Asian Credit Supplementation Institution Confederation (ACSIC) को सेमिनारमा सहभागी हुन अर्थ मन्त्रालयका सचिव (राजस्व) श्री राजन खनाललाई स्वीकृति दिने ।

२. अर्थ मन्त्रालय– एशियाली बिकास बैंकको Strategy Climate Fund बाट अमेरिकी डलर २० मिलियन अनुदान सहायता स्वीकार गर्ने सम्बन्धमा वार्ता गर्न वार्ता टोली गठन गरी वार्ता गर्ने अख्तियारी प्रदान गर्ने।

३. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— महान्यायाधिवक्ता श्री रमन कुमार श्रेष्ठसमेतलाई फिलिपिन्सको न्याय प्रणाली र सो देशमा पीडित र साक्षी संरक्षणका लागि गरिएका प्रयासहरुको अवलोकन भ्रमणमा सहभागी हुनको लागि स्वीकृति दिने ।

४. खानेपानी तथा सरसफाई मन्त्रालय— खानेपानीको महशुल वापतको रकम निकासा दिने ।

५. गृह मन्त्रालय— ६ जना विदेशी नागरिकहरुलाई पुनः नेपाल प्रवेश गर्न नपाउने गरी नेपाल बाहिर निष्काशन गर्न स्वीकृति दिने।

६. गृह मन्त्रालय— दक्षिण सुडानको जुवामा हुने फर्म्ड पुलिस युनिटहरुको मेडल परेड कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक दुर्जकुमार राईलाई सहभागी हुन स्वीकृति दिने ।

७. गृह मन्त्रालय— पूर्व परराष्ट्र मन्त्री माननीय सदस्य सुजाता कोइरालालाई उपचार खर्च बापत रु. ५०,००००००।- मा नबढ्ने गरी आर्थिक सहायता उपलब्ध गराउने । यो आर्थिक सहायताको रकम अर्थ मन्त्रालयले परराष्ट्र मन्त्रालय मार्फत मलेसिया स्थित नेपाली राजदुतावासबाट सिंगापुरमा उपचारारत मा. सुजाता कोइरालालाई उपचारको वील पेश गर्ने गरी उपलब्ध गराउने ।गोरखाका उत्तम प्रसाद देवकोटाको छोरा सन्तोष देवकोटालाई बोन म्यारो प्रत्यारोपणका लागि उपचार खर्च वापत विल बमोजिम रु.१०,००,०००।- आर्थिक सहायता उपलब्ध गराउने ।

८. परराष्ट्र मन्त्रालय— United Nations Regional Centre for Peace and Disarmament in Asia and the Pacific (UNRCPD) को कार्यालय काठमाण्डौमा पुनः सञ्चालनमा ल्याउन अमेरिकी डलर एक लाख एघार हजार छ सय पचासी उक्त केन्द्रलाई भुक्तानी दिने ।

९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— सडक विभाग अन्तर्गत सञ्चालन हुने योजनाहरुमा आ.व. २०७३।७४ को लागि राजपत्रांकित अधिकृतस्तरको अस्थायी दरवन्दी सिर्जना गर्ने ।

१०. रक्षा मन्त्रालय— प्रमुख सेनानी दिपक कुमार अधिकारीलाई लेखा महा सेनानी दर्जामा पदोन्नति गर्ने ।

११. रक्षा मन्त्रालय— मित्रराष्ट्र बंगलादेशका सेना प्रमुख (Chief of Army Staff) General Abu Belal Muhammad Shafiul Huq, ndc, psc र मित्रराष्ट्र श्रीलङ्काको सेनाका Commander of the Army Lt Gen A W J C De Silva RWP VSV USP ndu psc लाई नेपाल भ्रमणको औपचारिक निमन्त्रणा गर्न नेपाली सेनालाई स्वीकृति दिने ।

१२. रक्षा मन्त्रालय— महा सेनानी डा.देवेन्द्र बहादुर खत्रीको पदावधि थप गर्ने ।

१३. वन तथा भू-संरक्षण मन्त्रालय— नेपाल वन सेवाका महानिर्देशक पदहरू समूहिकृत नहुने व्यवस्था गर्ने ।

१४. वन तथा भू-संरक्षण मन्त्रालय— एनसेल प्रा.लि.लाई BTS टावरहरु स्थापना गरी संचालन गर्नका लागि वनक्षेत्रको जग्गा प्रयोग गर्न र रुखबिरुवाहरु हटाउन स्वीकृति दिने ।

१५. शान्ति तथा पुनर्निर्माण मन्त्रालय– बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका स्वीकृत दरबन्दीमा पूर्णकालिन रूपमा कार्यरत स्थायी निजामती कर्मचारीहरूलाई मात्र चालु आर्थिक वर्षको लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

१६. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— नर्वेमा आयोजना हुने कार्यक्रममा संसदको विकास समितिको सभापतिको नेतृत्वमा सहभागी भएको भ्रमण समर्थन गर्ने ।

१७. सहरी विकास मन्त्रालय— जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१८. सहरी विकास मन्त्रालय— राष्ट्रिय सहरी विकास रणनीति स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१९. सामान्य प्रशासन मन्त्रालय— भू-संरक्षण अधिकृत श्री प्रभुनारायण यादव, खरिदार श्री पूर्णप्रसाद पाण्डे र लेखापरीक्षण अधिकारी श्री रमेश पाण्डेलाई थप आर्थिक सहायता उपलब्ध गराउने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।